**सार्वजनिक एवं सेवा प्रदायक संस्था बीचको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको आवासीय पुनर्स्थापना सेवा सञ्चालन विधि, २०७२**

१. पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरु जो बेसाहारा र विपन्न आर्थिक अवस्थामा रहेका छन्, त्यस्ता व्यक्तिहरुलाई मन्त्रालयले दीर्घकालीन पुनर्स्थापना गृह (हाल खगेन्द्र नवजीवन केन्द्र, काठमाडौं) मा राखी पुनर्स्थापना सेवाको व्यवस्था गर्नेछ ।

(क) पूर्ण अशक्त अपाङ्गता भन्नाले अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण निर्देशिका, २०६५ बमोजिम पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुका रुपमा 'क' वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ ।

(ख) बेसाहारा भन्नाले पूर्ण अशक्त अपाङ्गताका हैसियतले 'क' वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेका व्यक्तिहरुमध्ये जसको बाबु, आमा (दुवैको मृत्यु भएको वा दुवै पूर्ण अशक्त अपाङ्गता भएको वा बाबु वेपत्ता भई आमाले अर्कैसँग विवाह गरेको वा दुवै बेपत्ता भएको), पति, पत्नी, छोरा, छोरी वा संरक्षक कोही नभएका व्यक्ति सम्झनु पर्दछ । बेसाहाराको विषयमा सम्बन्धित गा.वि.स/नगरपालिकाको वडा कार्यालयको रितपूर्वकको सिफारिश आवश्यक पर्दछ ।

(ग) अति विपन्न भन्नाले सम्बन्धित गा.वि.स वा नगरपालिकाको वडा कार्यालयको सिफारिशलाई आधार मानिनेछ । त्यस्तो सिफारिशमा चल अचल सम्पत्तिको विषयसमेत उल्लेख गर्नुपर्नेछ ।

२. **पुनर्स्थापना केन्द्र (हाल नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र) मा पठाउने प्रक्रियाः**

(क) पुनर्स्थापना गृहमा बस्न इच्छुक त्यस्तो व्यक्तिले स्वयं वा निजको तर्फबाट संरक्षक वा कार्यालयमा लिएर आउने व्यक्तिले निम्न बमोजिमका कागजातहरु संलग्न राखी निवेदन दिनुपर्नेछः—

अ. 'क' वर्गको अपाङ्गताको परिचयपत्रको प्रमाणित प्रतिलिपि (३ प्रति प्रतिलिपि)।

आ. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि (३ प्रति प्रतिलिपि)।

इ. बेसाहारा हो भनी सम्बन्धित गा.वि.स.वा नगरपालिकाको वडा कार्यालयको सिफारिश पत्र (२ प्रति प्रतिलिपि समेत) ।

ई. अति विपन्न भनि सम्बन्धित गा.वि.स.वा नगरपालिकाको वडा कार्यालयको सिफारिश पत्र (२ प्रति प्रतिलिपि समेत)।

उ. अपाङ्गता भएको व्यक्तिलाई कार्यालयमा निवेदन दिन लिएर आउने संरक्षक वा कुनै पनि व्यक्ति वा कर्मचारीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि÷सो व्यक्ति कर्मचारी भए निजको परिचयपत्रको प्रमाणित प्रतिलिपि समेत (३ प्रति)।

३. महिला तथा बलाबालिका कार्यालयले निवेदन प्राप्त भएपछि त्यस्ता व्यक्तिहरुलाई आवासीय पुनर्स्थापनाका लागि मन्त्रालयमा सिफारिश गर्नुभन्दा अगाडी कार्यालयले देहायको प्रक्रिया अपनाएर आवश्यक छानविन गर्न सक्नेछः—

(क) "अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरणसम्बन्धी निर्देशिका, २०६५" बमोजिम गठित परिचयपत्र सिफारिश समितिको बैठकमा छलफल गराई सो निवेदक पूर्ण अशक्त, बेसाहारा तथा अति विपन्न हो होइन भनी निक्यौल गर्नुपर्नेछ ।

(ख) महिला तथा बलाबालिका कार्यालयले आवश्यक ठानेमा आफूले गठन गरेका समूहका सदस्यहरुमार्फत वा जिल्लाको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (सी.बी.आर.) सञ्चालन गर्ने संस्थाको सहयोगमा पनि निवेदकको बारेमा आवश्यक जानकारी लिन सक्नेछ ।

४. त्यस्ता निवेदन उपर आवश्यक छानविन पछि निवेदक पूर्ण अशक्त, बेसाहारा र आर्थिक हिसाबले अति विपन्न हो भनी एकीन भएपछि कार्यालयले पुनर्स्थापना हुन चाहने व्यक्तिको संरक्षक वा कार्यालयमा लिएर आउने व्यक्तिको विवरण देहायबमोजिमको ३ (प्रति) फाराम भराउनु पर्नेछः

**विवरण फाराम**

**(क) पुनर्स्थापना हुन चाहने व्यक्तिको विवरण**

| पुनर्स्थापना हुन चाहने व्यक्तिको फोटो<br>पासपोर्ट साइजका |
|---|

(अ) पूरा नाम थर............................................... (आ) लिङ्ग....................

(इ) जन्म मिति (वि.सं).........

(ई) नागरिकता प्रमाणपत्र नं. ................

(उ) जारी गरेको जिल्ला............................

(ऊ) परिचयपत्र ('क' वर्गको) प्राप्त गरेको कार्यालय............................ जिल्ला .................

(ए) स्थायी ठेगानाः गा.वि.स./नगरपालिका................... जिल्ला .......... वडा नं. ......... टोल............

(ऐ) अस्थायी ठेगानाः गा.वि.स./नगरपालिका.................... जिल्ला ................. वडा नं. .................

टोल............ टेलिफोन ...............

(९) वावुको नामः.............................................

(१०) आमाको नामः.........................................

**(ख) संरक्षक वा कार्यालयमा लिएर आउने व्यक्तिको विवरण**

| |
|---|
| संरक्षक वा कार्यालयमा लिएर आउने व्यक्तिको फोटो<br><br>पासपोर्ट साइजको |

(१) नाम थर....................................... (२) लिङ्ग...................

(३) जन्म मिति (वि.सं.).........

(४) नागरिकता प्रमाणपत्र नं. ................

(५) जारी गरेको जिल्ला...........................

६) कर्मचारी भए कर्मचारी परिचयपत्र नं. .............................

(७) स्थायी ठेगानाः जिल्ला.................. गा.वि.स/नगरपालिका................. वडा नं. ......... टोल............

(८) अस्थायी ठेगानाः जिल्ला............. गा.वि.स.÷नगरपालिका................... वडा नं. ......... टोल.............

(९) कर्मचारी भए कार्यालयको नाम ठेगानाः...........................................

(१०) टेलिफोन- मोबाइल ................................११) इमेल ठेगाना............................................

माथिको विवरण ठिक साँचो हो । फरक पर्ने छैन । फरक परेमा कानुनबमोजिम सहुला बुझाउँला भनी दस्तखत गर्नेः

निवेदक (पुनर्स्थापना हुन चाहने व्यक्ति) संरक्षक वा निवेदन दिन लिएर आउने व्यक्तिकोः

नाम थरः ................................ नाम थरः .......................................

दस्तखत .................................. दस्तखत .........................................

मिति ...................................... मिति ............................................

औंठाको छाप औंठाको छाप

५. यसरी भराएको विवरण फाराम एक प्रति कार्यालयको अभिलेखमा राख्ने र बाँकी २ प्रति आवश्यक विवरणसाथ आवासीय पुनस्थापनाको लागि मन्त्रालयमा सिफारिश गरी पठाउने ।

६. मन्त्रालयले महिला तथा बालबालिका कार्यालयबाट पुनर्स्थापनाको लागि सिफारिशसाथ विवरण प्राप्त भएपछि एक प्रति मन्त्रालयमा अभिलेखको रुपमा राखिनेछ भने अर्को प्रति पुनर्स्थापनाको लागि पुनस्थापना केन्द्र (हाल नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र, काठमाडौं) मा पठाउनेछ।

**७. पुनर्स्थापना केन्द्रमा पठाएको व्यक्तिप्रति मन्त्रालयको जिम्मेवारीः**

(क) त्यस्ता व्यक्तिहरुको लागि आवश्यक पर्ने खाना, ओढ्ने, ओछ्याउने, लुगाफाटा पशुपतिस्थित वृद्धाश्रमका वृद्धवृद्धाहरुले पाए सरहको मात्रामा अनुदानस्वरूप मन्त्रालयले उपलब्ध गराउनेछ । यस मात्रामा बेड र बेड सिटसमेत रहेको बुझ्नुपर्नेछ ।

(ख) त्यस्ता व्यक्तिलाई प्रतिदिन प्रतिव्यक्ति रू. ५० का दरले नास्ता उपलब्ध गराउने गरी मन्त्रालयले अनुदान उपलब्ध गराउनेछ।

(ग) निःशुल्क प्राप्त हुने औषधीबाहेक अन्य औषधी नेपाल सरकारबाट मान्यता प्राप्त डाक्टरको सिफारिसअनुसार अनुदान रकम उपलब्ध गराउनेछ । अन्य जटिल उपचार आवश्यक भएमा लाग्ने सम्पूर्ण खर्च अनुदान उपलब्ध गराउनेछ ।

(घ) प्रति तीन महिनामा १ पटक प्रतिव्यक्ति २०० ग्रामका दरले ब्रस र मञ्जन अनुदान उपलब्ध गराउनेछ ।

(ङ) जनशक्ति व्यवस्थापनसम्बन्धमा मन्त्रालयले निम्नानुसारको पारिश्रमिक अनुदानस्वरूप सहयोग उपलब्ध गराउनेछः

अ. फिजियोथेरापिष्ट १ जना (राजपत्र अनङ्कित प्रथम श्रेणी वा पाचौं तह)।

आ. पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूका लागि व्यक्तिगत सहयोगी (१० जनासम्म पूर्ण अशक्त अपाङ्गता भएका लागि ३ जनासम्म सहयोगी) का लागि श्रेणीविहीन तहको पारिश्रमिक ।

इ. खाना पकाउने कुक १ जना तथा १ जना हेल्परका लागि समेत श्रेणीविहीन तहको पारिश्रमिक।

(च) पुनर्स्थापना केन्द्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई तीन महिनाको एक पटक सार्वजनिक स्थलमा लैजाने र मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी बनाउने काम संस्थाले गर्नेछ र सोबापत

लाग्ने यातायात खर्च बस तथा माइक्रोबसमा लाग्ने प्रचलित भाडादरअनुसार मन्त्रालयले अनुदानस्वरूप उपलब्ध गराउनेछ ।

(छ) पुनर्स्थापना केन्द्र सञ्चालन गरिएको भवनका कोठाहरूलाई कम्तिमा वर्षको एक पटक रङ्रोगन र मर्मत गर्दा लाग्ने खर्च उपलव्ध गराउनेछ ।

(ज) फिजियोथेरापी सेवाका लागि प्रयोग हुने औजारहरू प्रचलित बजार दर रेटअनुसार उपलब्ध गराउने।

(झ) उक्त केन्द्रमा रहने अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सहायक सामग्री उक्त संस्थाको लिखित अनुरोधमा सम्बन्धित विकास क्षेत्रको सहायक सामग्री उत्पादन केन्द्रलाई मन्त्रालयले सिफारिस साथ निःशुल्क उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

(ञ) सामान्य प्रशासनिक खर्चअन्तर्गत स्टेशनरी सामग्रीका लागि वार्षिक रू. १०,००० (दश हजार) एकमुष्ठरूपमा उपलब्ध गराउनेछ भने प्रतिदिन दैनिक पत्रिका २ वटा र साप्ताहिक पत्रिका १ वटाका लागि प्रचलित बील भर्पाईअनुसारको खर्च उपलब्ध गराउनेछ ।

(ट) माथि उल्लेखित खाद्यान्न, लत्ता, कपडा औजार आदि प्रचलित कानुनी व्यवस्थाबमोजिम खरिद गर्नुपर्नेछ ।

**८. पुनर्स्थापना केन्द्र (हाल नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्र, काठमाडौं) को जिम्मेवारी**

(क) मन्त्रालयको सिफारिशमा पुनर्स्थापनाको लागि आएका त्यस्ता व्यक्तिहरुको हक अधिकारको संरक्षण, सम्बद्र्धन र उपयोग गर्ने सहज वातावरण उपलब्ध गराउनेछ ।

(ख) बस्ने कोठा, नुहाउने कोठा, सौचालय महिला पुरुषको लागि छुट्टाछुट्टै हुनुपर्ने तथा सम्पूर्ण भौतिक संरचनाहरु मन्त्रालयले समय समयमा तोकेको न्यूनतम मापदण्ड बमोजिम केन्द्रले उपलब्ध गराउनेछ ।

(ग) बिजुली, टेलिफोन, पानी, हेरचाहकर्ताहरु, कर्मचारी, प्रशासनिक खर्च, खुला कम्पाउण्डसहितको अपाङ्गमैत्री भौतिक संरचना केन्द्रले उपलब्ध गराउनुपर्नेछ ।

(घ) पुनर्स्थापना व्यक्तिहरुको लागि समय समयमा सार्वजनिक स्थानमा (पार्क, सपिङ्ग सेन्टर आदि) घुमाउन ल्याउने लैजाने गर्नुपर्दछ ।

९. प्रत्येक ३ महिनामा मन्त्रालयले केन्द्रको अनुगमन मूल्याङ्कन गर्नेछ ।

१०. सार्वजनिक एवं सेवा प्रदायक संस्था बीच साझेदारीमा पुनर्स्थापना सेवा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक विधि प्रक्रियाको बारेमा मन्त्रालयले समय समयमा केन्द्रलाई निर्देशन दिन सक्नेछ । सो निर्देशन केन्द्रले पालना गर्नु पर्नेछ ।

११. पुनर्स्थापनाको लागि आएका त्यस्ता अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो सम्पती खुसीराजीसँग पुनर्स्थापना केन्द्रलाई दिएमा केन्द्रले सो लिन सक्नेछ । तर त्यस्तो सम्पती निजकै हितभन्दा अन्यत्र खर्च गर्नुहुँदैन ।

१२. खगेन्द्र नवजीवन केन्द्रमा (पुनस्र्थापना केन्द्र) पुनर्स्थापनाको लागि मन्त्रालयले सिफारिशसाथ पठाएका त्यस्ता पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई आफन्त वा कुनै पनि व्यक्तिले हेरचाह र पालनपोषण गर्न चाहेमा मन्त्रालयको सहमतिमा केन्द्रले जिम्मा दिई पठाउनुपर्नेछ । आफन्त वा कुनै व्यक्तिले हेरचाह र पालनपोषणको लागि लगेको त्यस्तो अपाङ्गता भएको व्यक्तिलाई मासिक भत्ता ३ हजार र सहयोगी भत्ता २ हजार गरी प्रति महिना ५ हजार रुपैयाँ मन्त्रालयले उपलब्ध गराउनेछ ।

१३. मन्त्रालयको सिफारिसमा पुनर्स्थापनाका लागि आएका व्यक्तिहरूका हक अधिकारको संरक्षण र संवर्द्धन गर्ने, सुरक्षा प्रदान गर्ने, कुनै पनि अवाञ्चित क्रियाकलाप हुन नदिन तथा लैङ्गिक हिंसाप्रति संवेदनशील भइ अपाङ्गता भएका महिलाहरूको सुरक्षा गर्नेछ ।

१४. यस्तो आवासीय पुनर्स्थापना सेवा अन्य सेवा प्रदायक संस्थाबाट गराउँदा पनि यही सञ्चालन विधि लागु हुनेछ ।

१५. पुनर्स्थापना केन्द्र सञ्चालनसम्बन्धी निर्देशिका तयार नभएसम्मका लागि यस सञ्चालन विधिलाई निर्देशिकाका रूपमा काम गर्ने गरी स्वीकृत लागु हुनेछ ।

१६. उक्त पुनर्स्थापना कार्यलाई सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्ने क्रममा कुनै समस्या आएमा मन्त्रालय र पुनर्स्थापना केन्द्र (खगेन्द्र नवजीवन केन्द्र) को वीचमा आपसी छलफल र सहमतिबाट तय गरिनेछ ।